# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं २०८०/०८१ नक्सा
च.नं. २९३२

मिति : २०८०/०७/१४

विषय : अभिलेखीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम बारे ।

श्री वडा कार्यालय (सबै),
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाको मिति २०८० भाद्र २९ गतेको बोर्ड बैठकको निर्णय अनुसार बनिसकेका भवनहरु २०८० पौष मसान्त सम्म अभिलेखीकरण गर्न सूचना प्रकाशित भै सकेकोमा सो सम्बन्धी जानकारी गराउन उक्त वडामा रहेका सम्पूर्ण टोल विकास संस्थाहरुको भेला गरी अभिमुखीकरण कार्यक्रम यथाशिघ्र सम्पन्न गराउनु हुन अनुरोध छ ।

२०८०/७/१४
.................
इन्जिनियर

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014

# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१०

## अभिलेखीकरण गर्न छुट भएका घर तथा भौतिक संरचनाहरूको अभिलेखीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस भरतपुर महानगरपालिकामा नगरवासीहरूको सुविधालाई ध्यानमा राखी मिति २०८० साल भाद्र २९ गतेको नगरपालिकाको बैठक निर्णय अनुसार भरतपुर महानगरपालिका क्षेत्रभित्र व्यापारिक, आवासीय तथा अन्य सबै प्रयोजनका भवनहरूलाई नक्सा पास भै निर्माण गर्दा राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी विना स्वीकृति क्षेत्रफल घटबढ गरी निर्माण भएको, राष्ट्रिय भवन संहिता प्रतिकुल हुने गरी विना स्वीकृति तला थप भएको भवनहरूको हकमा तत्कालिन सडक अधिकार क्षेत्र र नक्सा पास विना निर्माण भएका भवनहरूको हकमा हालको सडक अधिकार क्षेत्र र सो बाटोको सेट व्याक अनुसारको मापदण्ड भित्र नपरेका, राष्ट्रि भवन संहिता प्रतिकूल हुने गरी निर्माण भएका संरचनाहरूको अभिलेखीकरण गरी भवन निर्माण सम्पन्नता प्रमाण-पत्र प्रदान गर्ने, उक्त भवनको कारणले उत्पन्न हुने सबै मानवीय तथा भौतिक क्षतिको जिम्मेवार एवम् सम्बन्धित घरधनी हुने गरी जमिनको सतहमाथि देखिने घर तथा अन्य संरचनाको अभिलेखीकरणको लागि नगरवासीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएपछि निम्न शर्तहरू पालना गर्ने गरी आवश्यक कागजातहरू संलग्न राखी घर वा अन्य भौतिक संरचनाहरूको नकसा २०८० साल पौष मसान्तभित्र महानगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्पूर्ण सरोकारवाला नगरवासीहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्त तथा आवश्यक कागजातहरू:**

१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि - १
२) जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि - १
३) जग्गाको नापी कार्यालयबाट कित्ता नं. स्पष्ट भएको नापी नक्साको प्रमाणित नक्सा - १ प्रति
४) जग्गाको चार किल्ला खुलेको विवरण - १ प्रति
५) चालू आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि - १ प्रति
६) जग्गाधनीको पासपोर्ट साइजको रंगीन फोटो - २ प्रति
७) घरको स्पष्ट रंगीन फोटो (सबै दिशा छुट्टिने गरी)
८) यस कार्यालयमा सूचीकृत भएको Engineering Consultancy बाट तयार भएको A3 साइजको नक्सा ३ सेट
९) रीतपूर्वक पेश नभएका तथा सम्पूर्ण विवरण नभरी पेश हुन आएका घर नक्साहरू, सार्वजनिक जग्गा, बाटो, नहर, कूलो, पोखरी आदि मिची निर्माण गरिएको भवन तथा भौतिक संरचनाहरू महानगरपालिकाबाट अभिलेखीकरण हुने छैनन्।
१०) अभिलेखीकरण प्रयोजनको लागि नक्सा पेश गर्न घरधनी स्वयम् वा निजको वारेस उपस्थित हुनु पर्नेछ।
११) अभिलेखीकरणका लागि घर नक्सा पेश गरी प्रमाण-पत्र विवरण कार्य २०८१ साल असार मसान्तसम्म मात्र हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**